नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## २०७३ सालको एसएलसी पूरक (ग्रेडवृद्धि) परीक्षासम्बन्धी सूचना

२०७३ सालको साधारणधारतर्फ नियमित तथा एक्जेम्टेड समूहबाट परीक्षामा सम्मिलित भई सैद्धान्तिकतर्फ C, D+, D र E ग्रेड प्राप्त गरेका परीक्षार्थीहरूका लागि राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा संचालक समितिको २०७४।३।२ को बैठकको निर्णयानुसार पूरक (ग्रेडवृद्धि) परीक्षा २०७४ साल साउन १९ गते शुक्रबारबाट सञ्चालन हुने भएकोले उक्त परीक्षामा सम्मिलित हुनका लागि २०७३ सालको एसईई मूल परीक्षाको नियमित तथा एक्जेम्टेड समूहबाटै उपलब्ध गराइएको प्रवेशपत्रको आधारमा निम्न प्रक्रिया पूरा गरी सम्बन्धित विद्यालयमार्फत् जिल्ला शिक्षा कार्यालयमा २०७४ साल साउन १० गतेभित्र तोकिएको ढाँचामा (अनुमतिपत्रमा) फोटो टाँसी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। जिल्ला शिक्षा कार्यालयहरूले यसै सूचनालाई आधार मानी आवश्यक व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ।

१. आवेदन दस्तुर प्रति परीक्षार्थी रु ५००।– (पाँच सय) का दरले राजस्व खाता संकेत नम्बर १४२२३ मा दाखिला गर्नुपर्नेछ। विलम्ब दस्तुर तिरी आवेदन दिने व्यवस्था गरिएको छैन।

२. निवेदनको ढाँचा परीक्षा नियन्त्रण कार्यालयको website: www.soce.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

३. आवेदन फारामसाथ निम्न कागजातहरू संलग्न गर्नुपर्नेछ :

   (क) एसईई परीक्षा २०७३ को ग्रेडसिट/ग्रेड लेजरको प्रतिलिपि,

   (ख) एसईई परीक्षा २०७३ मा सामेल हुँदाको प्रवेशपत्रको प्रतिलिपि,

   (ग) तोकिएको दस्तुर बुझाएको बैङ्क भौचर वा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा राजस्व बुझाएको नगदी रसिद।

४. **प्रवेशपत्रको व्यवस्था** : एसईई परीक्षा २०७३ को प्रवेशपत्र नै पूरक परीक्षाको लागि प्रवेशपत्र कायम गरिएको हुँदा सोही प्रवेशपत्रमा उल्लेखित सिम्बोल नम्बरबाट परीक्षा दिनुपर्नेछ।

५. प्रवेशपत्र हराएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले परीक्षार्थीहरुको फोटो प्रमाणित गरी जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने र जि.शि.का. ले रु. ५०। को राजस्व लिई पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुने प्रयोजनका लागि प्रतिलिपि प्रवेशपत्र उपलब्ध गराउने व्यवस्था जिशिकाले गर्नेछ।

६. जिल्ला शिक्षा कार्यालयलहरुले पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीहरुको विवरण विद्यालयगत रुपमा विषय समेत खुल्ने गरी पूरक (ग्रेडवृद्धि) परीक्षा सञ्चालन हुनुभन्दा पहिले प.नि.का.मा आइपुग्ने गरी पठाउनुहुन र परीक्षार्थीहरूले बुझाएको आवेदन फाराम ६ महिनासम्म सम्बन्धित जिशिकाले नै सुरक्षित राख्नुहुन अनुरोध छ।

# २०७३ सालको एसईई पूरक (ग्रेडवृद्धि) परीक्षाको समयतालिका

**परीक्षा सञ्चालन समय : विहान ८.०० बजेदेखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७४ साल श्रावण १९ गते विहीबार | अनिवार्य अंग्रेजी<br>वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अंग्रेजी |
| २ | २०७४ साल श्रावण २० गते शुक्रबार | अनिवार्य नेपाली<br>गैरनेपाली विद्यार्थीहरुका लागि अंग्रेजी (Elective English) |
| ३ | २०७४ साल श्रावण २१ गते शनिबार | अनिवार्य गणित |
| ४ | २०७४ साल श्रावण २२ गते आइतबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७४ साल श्रावण २३ गते सोमबार | अनिवार्य सामाजिक अध्ययन |
| ६ | २०७४ साल श्रावण २४ गते मंगलबार | अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ : अनिवार्य कर्मकाण्ड, अनिवार्य फलित ज्योतिष<br>संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| ७ | २०७४ साल श्रावण २५ गते बुधबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरु |
| ८ | २०७४ साल श्रावण २६ गते विहीबार | ऐच्छिक द्धितीयपत्रका सबै विषयहरु |

- कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन ।
- परीक्षा हलमा प्रवेश गर्न अनुमतिपत्र र प्रवेशपत्र अनिवार्य हुनुपर्नेछ।
- परीक्षा केन्द्रहरू जिल्ला सदरमुकाममा मात्र रहनेछन् ।
- तोकिएको केन्दमा मात्र परीक्षार्थीलाई परीक्षामा समावेश गराउनुपर्नेछ अन्यथा नतिजा प्रकाशन गर्न नसकिने र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरूलाई परीक्षाको अर्को व्यवस्था गरिनेछैन ।
- नियमित परीक्षाको प्रवेशपत्र र सोमा उल्लिखित सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा रद्द गरिनेछ ।

## पुनर्योगका लागि निवेदन दिने सम्बन्धी सूचना

एसईई परीक्षा २०७३ को नतिजा प्रकाशन हुँदा उक्त नतिजामा प्राप्त गरेको विषयगत ग्रेडउपर चित्त नबुझी पुनर्योग गराउन चाहने परीक्षार्थीहरुले मिति २०७४ साल असार १७ गतेसम्म सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा क्षेत्रीय शिक्षा निर्देशनालय वा सोझै परीक्षा नियन्त्रण कार्यालयमा प्रति विषय रु. ५००।- का दरले राजस्व बुझाई निवेदन दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । पुनर्योगका लागि सम्बन्धित परीक्षार्थीले परीक्षामा सम्मिलित हुँदाको प्रवेशपत्रको प्रतिलिपि र वेभसाइटबाट डाउनलोड गरेको ग्रेड सिटको प्रति संलग्न राखी पुनर्योग गराउन चाहेको विषय र प्राप्त भएको ग्रेड खुलाई निवेदन दिनुपर्नेछ । तोकिएको म्यादभन्दा पछाडि निवेदन गरेमा सोउपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।